नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## चाडपर्व लक्षित निरीक्षण अनुगमन सम्बन्धि प्रेस विज्ञप्ति

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग तथा विभाग मातहतका खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय र खाद्य प्रविधि तथा गुण डिभिजन कार्यालयहरुबाट जिल्ला प्रशासन कार्यालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग तथा स्थानीय निकायका प्रतिनिधिहरु सहितको उपस्थितिमा चाडपर्व लक्षित विशेष निरीक्षण अनुगमन कार्य देशैभरी संचालन भएको छ । विभागले देशैभरि खाद्य पदार्थ उत्पादन तथा बिक्री वितरण हुने स्थलहरुमा निरीक्षण अनुगमन गरी खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम कारवाही गरेको व्यहोरा सबैमा जानकारीका लागि यो प्रेस नोट जारी गरिएको छ।

असोज महिनामा अनुगमन निरीक्षण गर्ने क्रममा ३६३ वटा राजमार्ग केन्द्रित होटल रेस्टुरेन्ट, १४२ वटा खाद्य उद्योग तथा ५८० वटा किराना पसल लगायतका खाद्य बजार निरीक्षण अनुगमन गरिएको छ। स्थलगत अनुगमन निरीक्षण र परिक्षणमा कैफियत देखिएका व्यवसायीलाई खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम कारवाहीका लागि प्रकृया अगाडी बढाइएको छ। निरीक्षण अनुगमनका क्रममा लेवल विवरण स्पष्ट नभएका, म्याद गुज्रिएका, स्थलगत परिक्षणमा कैफियत देखिएका र खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ ऐन विपरित रहेका रू.५,१२,१३१ (अक्षरेपी पाँच लाख बाह्र हजार एक सय एकतीस रुपैयाँ) बराबरको विभिन्न किसिमका खाद्य पदार्थ जफत नष्ट गरिएको छ र यसै क्रममा प्रशोधित पिउने पानी उत्पादन मापदण्ड सम्बन्धि निर्देशिका, २०७४ बमोजिम गर्ने प्रयोग गर्न नमिल्ने ४७ थान प्रशोधित पिउने पानीको जार नष्ट गरिएको छ|

खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ को दफा २०,२१, २२, २३, २४ र २५ बमोजिम दायित्व पूरा गर्नगराउनु हुन तथा अनुमतिपत्र लिएर मात्र खाद्य व्यवसाय संचालन गर्न गराउन हुन सम्पूर्ण उद्योगी व्यवसायीलाई सूचित गराइन्छ। अन्यथा ऐन बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ।

ज्योत्स्नाश्रेष्ठ

ज्योत्स्ना श्रेष्ठ

वरिष्ठ खाद्य अनुसन्धान अधिकृत

२०८२/०६/२२